

## प्रवर्द्धक:

नेपाल उद्योग वाणिज्य महासंघ

व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र

नेपाल पर्यटन बोर्ड

## प्रायोजक:

mayos Instant Noodles

jolly

## आयोजक:

उद्योग वाणिज्य संघ-नारायणगढ
जिल्ला विकास समिति, चितवन
भरतपुर नगरपालिका
रत्ननगर नगरपालिका
रत्ननगर उद्योग वाणिज्य संघ

NEPAL INVESTMENT BANK LTD. — सांस्कृतिक कार्यक्रम प्रायोजक

कृषि परिसर प्रायोजक

gtz sequa — डेरी परिसर प्रवर्द्धक

आधिकारिक बीमा

Laxmi Bank — आधिकारिक बैंक

91.6 MHz — आधिकारिक एफ.एम.

अन्नपूर्ण पोष्ट — आधिकारिक पत्रिका

प्रवेश टिकट सौजन्य

प्रवेश द्वार सौजन्य

## सचिवालय:

**उद्योग वाणिज्य संघ-नारायणगढ**
हरिहरमार्ग, नारायणगढ, चितवन, नेपाल
फोन: ९७७-५६-५२२१४५/५२३९३५
फ्याक्स: ९७७-५६-५२०१६५
इमेल: ncci@wlink.com.np, वेबसाइट: www.ncci.org.np

## ब्रोशर सौजन्य:

NTB नेपाल पर्यटन बोर्ड

NATURALLY NEPAL
ONCE IS NOT ENOUGH

Printed at: Nepal Times Press P. Ltd., Tel.: 4260434

'चितवनको गौरव र गरिमामय प्रस्तुति'

# चितवन महोत्सव-२०६३

पौष २८ - माघ ७, २०६३ | January 12 - 21 2007













स्थान: नारायणी नदी प्रदर्शनी मैदान, नारायणगढ

# चितवन महोत्सव २०६३



## परिचय:

विगत १० वर्षदेखि लगातार प्रत्येक दुई-दुई वर्षमा संचालन हुँदै आइरहेको चितवनको गौरव र गरिमामय प्रस्तुति चितवन महोत्सव यस वर्ष पनि छैठौं पटक नारायणी नदी किनार प्रदर्शनी मैदानमा **चितवन महोत्सव २०६३** को नाममा आयोजना हुनगइरहेको छ ।

पाँच विकास क्षेत्रहरु मध्येको मध्य भागमा पर्ने तथा मध्यमाञ्चल विकास क्षेत्रको पनि मध्य भागमा अवस्थित सम्पूर्ण जनजातीको उपस्थिती एवं सुन्दर, शान्त वातावरणमा रहेको ७६ औं जिल्लाको रुपमा परिचित यस चितवन जिल्लाको समग्रमा प्रवर्द्धन गर्ने हेतुले यस महोत्सवको आयोजना हुँदै आइरहेको छ ।

कृषि, पर्यटन, स्वास्थ्य र शिक्षा क्षेत्रमा देशकै प्रतिनिधित्व गर्ने अग्रणी जिल्लाको रुपमा आफुलाई परिचित गराउन सफल उक्त क्षेत्रहरुको प्रवर्द्धनात्मक कार्यहरुको लागि जिल्लाको उद्योग वाणिज्य क्षेत्रको प्रतिनिधिमूलक संस्था उद्योग वाणिज्य संघ-नारायणगढ तथा जिल्लाको विकास निर्माणमा जिम्मेवार निकायहरुको सहकार्यमा संचालन गरिने यस चितवन महोत्सवको आफ्नो छुट्टै महत्व रहन गएको छ ।

जबसम्म उद्योग तथा वाणिज्य क्षेत्रहरुको विकास हुँदैन तबसम्म देश विकास संभव हुँदैन भन्ने भावना अनुरुप उद्योग वाणिज्य संघ-नारायणगढ, जिल्ला विकास समिति चितवन, भरतपुर नगरपालिका, रत्ननगर नगरपालिका एवं रत्ननगर उद्योग वाणिज्य संघसँगको सहकार्यमा यहि पौष २८ देखि माघ ७ सम्म **चितवन महोत्सव २०६३** को आयोजना हुनगइरहेको छ ।





## महोत्सवको उद्देश्य:

- नेपाल लगायत छिमेकी मुलुकहरुमा उत्पादित औद्योगिक एवं दैनिक उपभोग्य वस्तु तथा सेवाहरु जनसमक्ष परिचित गराई वस्तु विकास र प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने ।
- छिमेकी राष्ट्रहरुमा उपलब्ध प्रविधि हस्तान्तरणमा सहयोग पुऱ्याउने ।
- निकासी योग्य वस्तुहरुको पहिचान र प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- जिल्लाको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने ।
- उत्पादन र प्रविधिको क्षेत्रमा भएका नयाँ उपलब्धिहरु जनसमक्ष ल्याउने ।
- जिल्लाको कला, संस्कृति र साहित्यको जगेर्ना एवं प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- शिक्षा, स्वास्थ्य तथा विकास निर्माणका क्षेत्रमा भएका गतिविधिहरु बारे जानकारी दिने ।

## लक्षित प्रदर्शकहरू:

नेपाल अधिराज्य भित्रका एवं छिमेकी मित्रराष्ट्रहरुका औद्योगिक व्यापारिक प्रतिष्ठानहरु तथा सरकारी/गैरसरकारी संघसंस्थाहरु

## लक्षित अवलोकनकर्ताहरू:

चितवन महोत्सव २०६३ करिब २ लाख दर्शकहरुले अवलोकन गर्ने अनुमान गरिएको छ ।

- अधिराज्यभित्रका आम उपभोक्ताहरु, उद्योगी व्यवसायीहरु, बित्तीय संघसंस्थाहरु, स्कूल, क्याम्पस तथा विश्वविद्यालयका विद्यार्थी तथा शोधकर्ताहरु, सरकारी गैरसरकारी संस्थाहरु, अनुसन्धानकर्ताहरु
- छिमेकी मुलुकका उद्योगी व्यवसायीहरु

## प्रदर्शकलाई फाइदा:

- देशकै केन्द्रविन्दुमा अवस्थित चितवन जिल्लामा देशको सबै भागलाई जोड्ने यातायात सञ्जाल तथा सञ्चार सुविधाले गर्दा प्रदर्शक एवं दर्शकहरुको लागि तुलनात्मक रुपमा सहज तथा आर्थिक मितव्ययिता हुने ।
- बढ्दो शहरीकरण उन्मुख रहेको चितवन जिल्लामा नयाँ नयाँ उत्पादनहरुले बजार पाउने अवसर ।
- चितवन महोत्सव एक उपभोक्ता मेला पनि भएकोले उपभोक्ताको प्रत्यक्ष सम्पर्कमा व्यापक बिक्री वितरण तथा आफ्नो उत्पादनको सम्बन्धमा प्रतिक्रिया बुझ्ने अवसर ।









- सूचना, सञ्चार र प्रविधिको क्षेत्रमा भएका उपलब्धिहरु उपभोक्ता समक्ष पुऱ्याउने अवसर ।
- पर्यटकीय महत्वका वस्तु एवं स्थानहरुको पहिचान गराई आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्राप्त हुने ।
- सम्बन्धित व्यवसाय बीच नेटवर्किङ्ग स्थापना र विकास गर्न सकिने ।

## महोत्सवका आकर्षणहरू:

- स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय उत्पादन/सेवाहरुको बृहत् व्यापार मेला
- चितवन जिल्लामा उत्पादित कृषि उपजको प्रतियोगितात्मक प्रदर्शनी
- दुग्धजन्य पदार्थ तथा प्रविधि प्रदर्शनी
- चितवन जिल्लालाई झल्काउने विविध झाँकी सहितको बृहत् शोभायात्रा
- हरेक दिन मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम
- चितवनका आदिवासीहरुको रहनसहन, संस्कृति र भेषभूषा प्रदर्शनी
- प्रतियोगितात्मक साहित्य गोष्ठी
- पर्यटन प्रवर्द्धन सम्बन्धी विविध कार्यक्रमहरु
- समसामयिक विषयमा राष्ट्रिय स्तरको व्यवसायिक गोष्ठी तथा सेमीनार
- क्रेता बिक्रेता अन्तर्क्रिया कार्यक्रम
- स्थानीय कलाकारद्वारा सृजित चित्रकला तथा मूर्तिकलाहरुको प्रतियोगितात्मक प्रदर्शनी
- फूड फेस्टिवल
- बाल उद्यान आदि ।



## स्टल भाडा दर:

| | | |
|---|---|---|
| १. | विशेष स्टल (Exclusive Stall) | रु. २५,०००।- |
| २. | रु. ३ करोडभन्दा बढी अधिकृत पूँजी भएका व्यवसाय | रु. ११,०००।- |
| ३. | रु. ५० लाखभन्दा बढी रु. ३ करोडसम्म अधिकृत पूँजी भएका व्यवसाय | रु. ९,०००।- |
| ४. | रेष्टुरेण्ट (आइसक्रिम राख्न नपाइने) | रु. १२,०००।- |
| ५. | रु. ५० लाखसम्म अधिकृत पूँजी भएका | रु. ७,०००।- |
| ६. | प्राइभेट हस्पिटल | रु. ७,०००।- |
| ७. | फ्लोरिकल्चर, नर्सरी तथा मौरीपालन | रु. ५,०००।- |
| ८. | साना हस्तकला उद्योग र संघसंस्था चिया कफी रेष्टुरेण्ट बाहेक (व्यवसाय गर्ने उद्देश्यले स्टल राख्ने) | रु. ४,०००।- |
| ९. | सरकारी कार्यालय, हस्पिटल र शैक्षिक संस्था तथा अन्य संघसंस्था | रु. ३,०००।- |
| १०. | आइसक्रिम | रु. ७,०००।- |
| ११. | मनी एक्सचेन्ज र सहकारी बैंक | रु. ५,०००।- |
| १२. | विकास बैंक | रु. ६,०००।- |
| १३. | वाणिज्य बैंक | रु. ९,०००।- |
| १४. | चिया तथा कफी मात्रको रेष्टुरेण्ट | रु. ६,०००।- |

**नोट**:

क. व्यवसायीकरुपमा रेष्टुरेण्ट चलाएका व्यवसायीलाई मात्र रेष्टुरेण्ट स्टल प्रदान गरिनेछ ।

ख. स्टल आरक्षण (Book) गर्दा आवेदन सहित लाग्ने भाडा तथा ब्यानर शुल्क धरौटी स्वरुप बुझाउनुपर्नेछ ।

ग. छुट सुविधा (ग.१ र ग.२ मध्ये कुनै एक मात्र छुट सुविधा उपभोग गर्न पाइने छ)

(ग.१) उद्योग वाणिज्य संघ-नारायणगढ र रत्ननगर उद्योग वाणिज्य संघका सदस्यहरु तथा जिल्ला भित्र दर्ता भएका संघ संस्थाहरुका लागि २०%

(ग.२) दुई वटा स्टल आरक्षण गरेमा १० प्रतिशत, दुई भन्दा बढि स्टल आरक्षण गरेमा १५ प्रतिशत ।

घ. उपरोक्त सूचीमा नपरेका अन्य प्रदर्शकहरुका लागि लाग्ने स्टल भाडा चितवन महोत्सव २०६३ प्रदर्शक व्यवस्थापन समितिले निर्णय गरे अनुसार हुनेछ ।

ङ. स्टल प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार चितवन महोत्सव २०६३, प्रदर्शक व्यवस्थापन समितिमा निहित रहनेछ ।





## स्टलको व्यवस्था:

- २७५ देखि ३०० सम्म स्टलहरुको व्यवस्था
- स्टलको साइज - छाना सहितको १० फिट X ९ फिट
- प्रत्येक स्टलमा २ थान प्लाष्टिक कुर्ची, १ थान टेबुल, १ वटा विद्युत प्वाईन्ट, १ वटा ट्यूब लाइट, साधारण सजावट

## स्टल आवेदन:

स्टल आवेदन खुल्ला भइसकेको छ । स्टल आरक्षणको निम्ति महोत्सव आयोजकबाट तयार पारिएको आवेदन फाराम भरी नियमानुसारको स्टल भाडा सहित सचिवालयमा बुझाउनु पर्नेछ । स्टल उपलब्ध गराउने क्रममा पहिले प्राप्त आवेदनलाई पहिलो प्राथमिकता दिइने छ । **स्टल आवेदन निवेदन २०६३ पौष ५ गते सम्म बुझाईसक्नु पर्नेछ ।**

## प्रदर्शकका लागि सुविधाहरू:

| | |
|---|---|
| • सुरक्षाको उचित प्रवन्ध | • अग्नी, चोरी र हुलदङ्गा बिमा |
| • पिउने पानी | • शौचालय सुविधा |
| • टेलिफोन सुविधा | • सहभागीताको प्रमाणपत्रको व्यवस्था |
| • उत्कृष्ट स्टललाई पुरस्कारको व्यवस्था | |

## महोत्सव प्रवर्द्धन योजना:

- राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरुलाई व्यापक प्रचार प्रसार ।
- मेला सम्बन्धी जानकारीमुलक ब्रोस्योर, फोल्डर, स्टीकर, पम्प्लेट, सिनेमास्लाइड, होर्डिङ्गबोर्ड तथा ब्यानर, आदि ।
- काठमाण्डौ तथा चितवनमा पत्रकार सम्मेलन ।
- स्थानीय एफ.एम.बाट प्रसारण ।
- संघको बुलेटिन तथा वेबसाइट (http://www.ncci.org.np) मार्फत महोत्सवबारे जानकारी ।
- स्थानीय च्यानल नेटवर्कबाट प्रसारण ।
- अधिराज्यभरिका उ.वा.संघहरु, नगरपालिका तथा जि.वि.स. कार्यालयहरुमा पत्राचार ।

| महोत्सवको विवरण | | |
|---|---|---|
| महोत्सव अवधि | २०६३ पौष २८ देखि माघ ७ गतेसम्म<br>तदनुसार १२ देखि २१ जनवरी, २००७ | |
| महोत्सव स्थल | भरतपुर नगरपालिका,<br>नारायणी नदी प्रदर्शनी मैदान, नारायणगढ | |
| महोत्सव अवलोकन समय | बिहान १० देखि साँझ ५ बजेसम्म । | |
| स्टल खुल्ने समय | बिहान ९ देखि साँझ ६ बजेसम्म । | |
| टिकट दर | रु. २०।- | |
| महोत्सव अवधिमा यहाँको औसत तापक्रम | अधिकतम | २१ डि.से. |
| | न्युनतम | ११ डि.से. |

| तथ्यांकमा चितवन महोत्सव २०६१ | |
|---|---|
| प्रदर्शक संख्या | २७२ |
| स्टल संख्या | ३५३ |
| अवलोकनकर्ता | २,००,००० |
| कारोवार | रु. ७ करोड |

## प्रदर्शित वस्तुहरु:

औद्योगिक उपकरण तथा मेशीनरी, अटोमोवाईल, सूचना प्रविधि, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स, फर्निचर तथा फर्निसिङ्ग, कृषि उपज, दैनिक उपभोग्य वस्तुहरु, तयारी पोशाक, फुटवेयर, कस्मेटिक, हस्तकला, दुग्धजन्य पदार्थ, प्लास्टिकजन्य सामाग्री, जडिबुटी, आदि ।

